# The Non-Resident Nepali Association (NRNA) Australia

**गैर आवासीय नेपाली संघ, अस्ट्रेलिया**

**THINK GLOBAL, ACT LOCAL**

**<u>संबन्धित सबैको जानकारीको लागि,</u>**

एनआरएनए अष्ट्रेलिया अष्ट्रेलियामा दर्ता भएको, स्वतन्त्र, र दीर्घकालीन इतिहास बोकेको संस्था हो । यस संस्थामा हजारौं सदस्यहरू, स्वयंसेवकहरू, सामुदायिक अगुवाहरू र अन्य सरोकारवालाहरूको निरन्तर समर्थन र योगदान रहेको छ।

हामीलाई अन्तर्राष्ट्रिय समन्वय परिषद् (ICC) मा हाल देखिएको प्रामाणिकता सम्बन्धी विवादबारे जानकारी छ, जुन हाल नेपालमा अदालतमा विचाराधीन अवस्थामा रहेको छ। यस विषयले अष्ट्रेलियामा एनआरएनएले आफ्ना उद्देश्यअनुसार सञ्चालन गर्दै आएको नियमित कामकाजसँग कुनै सम्बन्ध राख्दैन।यस सन्दर्भमा, एनआरएनए अष्ट्रेलियाले आफूलाई तटस्थ राख्ने निर्णय लिएको छ र ICC स्तरका कुनै पनि विवादमा संलग्न नहुने स्पष्ट पार्दछ। ICC सँगको सम्बन्धको सन्दर्भमा, सर्वोच्च अदालतले दिने निर्णयलाई हामीले निसर्त स्वागत गर्नेछौं ।

यसैबीच, एनआरएनए अष्ट्रेलियाको सबै गतिविधि यथावत रूपमा सञ्चालन भइरहेकै छ। हामी सबै सदस्यहरूलाई आफ्नो सदस्यता नवीकरण गर्न अनुरोध गर्दछौं, साथै नयाँ सदस्य बन्न चाहने सबैलाई संस्थामा स्वागत गर्दछौं। आगामि वार्षिक साधारण सभा (AGM) र नेतृत्व चयनको निर्वाचन प्रक्रियामा सक्रिय सहभागिता जनाउन सबैलाई विनम्र अनुरोध गर्दछौं।

भवदीय,

अनिल पोखरेल

अध्यक्ष, एनआरएनए अष्ट्रेलिया

१२ जुन २०२५, सिड्नी